फलेवास नगरपालिका

# फलेवास नगर कार्यपालिकाको राजपत्र

खण्डः ७ संख्याः ५ मितिः २०८१/१२/०५

**भाग-२**

**फलेवास नगर कार्यपालिका**

# कृषि तथा पशुसेवा सम्बन्धी मेसिनरी, औजार तथा उपकरण वितरण सम्बन्धी कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/१२/०५**

प्रस्तावनाः

कृषि तथा पशुपालन क्षेत्रलाई आधुनिक, व्यावसायिक एवम् प्रतिस्पर्धी बनाई खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूति दिन, युवा जनशक्ति व्यावसायिक कृषितर्फ आकर्षित गरी स्वरोजगारीको अवसर सिर्जना गर्न तथा गरिबी न्यूनीकरणमा सहयोग पुर्‍याउन यान्त्रिकीकरण तथा आधुनिक प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्न कृषिसम्बन्धी मेसिनरी, औजार तथा उपकरणको लागि प्रदान गरिने अनुदानलाई सरल, पारदर्शी एवम् प्रभावकारी तुल्याउन वाञ्छनीय भएकोले, फलेवास नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७७ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागु गरेको छ ।

## परिच्छेद १
## सङ्क्षिप्त नाम र प्रारम्भ

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम 'कृषि तथा पशुसेवा सम्बन्धी मेसिनरी, औजार तथा उपकरण वितरण सम्बन्धी कार्यक्रम सञ्चालन कार्यविधि, २०८१' रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(अ) 'नगरपालिका' भन्नाले फलेवास नगरपालिकालाई जनाउँछ ।

(आ) 'कार्यालय' भन्नाले फलेवास नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ, सो शब्दले वडा कार्यालयसमेत लाई जनाउने छ ।

(इ) 'शाखा' भन्नाले फलेवास नगरपालिकाको कृषि विकास/पशुसेवा शाखालाई सम्झनु पर्दछ ।

(ई) 'वडा' भन्नाले फलेवास नगरपालिका अन्तर्गतका ११ ओटै वडा सम्झनु पर्दछ ।

(उ) 'अनुदान' भन्नाले फलेवास नगरपालिकाबाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि उत्पादन, प्रशोधन, मूल्य अभिवृद्धि, बजारीकरण वा कृषि आधुनिकीकरण र व्यावसायीकरणका लागि लाभग्राहीलाई प्रदान गरिने औजार, यन्त्र उपकरण एवम् मेसिनरीहरूलाई सम्झनु पर्दछ।

(ऊ)'अनुदानग्राही' भन्नाले यस कार्यविधि बमोजिम छनोट भएका कृषि उद्यमी/कृषि फर्म /कृषक समूह/कृषि सहकारी कृषि व्यवसायसंग सम्बन्धित समिति तथा कृषि व्यवसायी सम्झनु पर्दछ ।

(ऋ) 'कृषि मेसिनरी औजार उपकरण' भन्नाले अनुसूची-१ मा उल्लेख गरी बमोजिमका औजार, यन्त्र, उपकरण एवम् मेसिनरी साधन सम्झनु पर्दछ ।

३. **कार्यक्रमको उद्देश्यः** (१) कार्यक्रम संचालनको उदेश्य देहाय बमोजिम रहनेछ ।

(क) कृषि तथा पशुपालन क्षेत्रलाई आधुनिक, व्यावसायिक एवम् प्रतिस्पर्धात्मक बनाई खाद्य तथा पोषण सुरक्षामा योगदान पुर्याउने ।

(ख) कृषि तथा पशुपन्छी एवम् मत्स्य उत्पादनमा नगरलाई आत्मनिर्भर तुल्याई निर्यात प्रवर्द्धन गर्ने,

(ग) उत्पादकत्व वृद्धि गर्न तथा उत्पादन लागत घटाउन सहयोग पुर्याउने,

(घ) कृषकको श्रम र समयको बचत गर्नु,

(ङ) आधुनिक प्रविधिको प्रयोगतर्फ कृषकहरूलाई आकर्षित गर्ने,

(च) युवा जनशक्तिलाई कृषिमा आकर्षित गरी स्वरोजगारको अवसर सिर्जना गर्ने ।

## परिच्छेद-२
## कार्यक्रम सञ्चालन सम्बन्धी प्रक्रिया

४. **कार्यक्रम कार्यान्वयनका क्षेत्रहरूको छनोट** : (१) फलेवास नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम बमोजिम फलेवास नगरपालिकाका सबै वडाहरू वा नगर कार्यपालिकाले तोके बमोजिमका वडाहरूमा अनुसूची (१) मा तोकिए बमोजिमका मेसिनरी औजार तथा उपकरण लागत साझेदारीमा वितरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

५. **सूचना प्रकाशन/प्रस्ताव आव्हान गर्नेः** (१) स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनका लागि नगर कार्यपालिकाको कार्यालयको सम्बन्धित शाखाले अधिकतम १५ दिनको म्याद दिई अनुसूची (२) बमोजिमको विवरणसमेत समावेश गरी सम्बन्धित वडा कार्यालय वा नगर कार्यालयको कार्यालयमा निवेदन दर्ता गर्नु पर्नेछ ।

६. **प्रस्तावको मूल्याङ्कन एवम् सम्झौताः** (१) दफा ५ को उपदफा (२) बमोजिम पेस हुन आएका निवेदन/प्रस्तावहरू उपर वडा समितिले अनुसूची (५) मा तोकिएका सूचकहरूका आधारमा मूल्याङ्कन गरी प्राथमिकताक्रम निर्धारण गरी निवेदकहरूको विवरण सम्बन्धित शाखालाई सिफारिस गर्नेछ ।

(२) उपदफा (१) बमोजिम वडा कार्यालयबाट सिफारिस भई आएका निवेदन र कार्यालयमा रितपूर्वक दर्ता हुन आएका निवेदनहरू सम्बन्धित शाखाले आर्थिक विकास समितिको बैठकमा पेस गर्नेछ र सोही आवेदक मध्येबाट आर्थिक विकास समितिको बैठकको निर्णयबाट लाभग्राही छनोट गरिनेछ ।

(३) उपदफा (२) बमोजिम छनौट भएका लाभग्राहीहरूसँग सम्बन्धित शाखाले अनुसूची (६) बमोजिमको ढाँचामा सम्झौता गर्नेछ ।

७. **लागत साझेदारीसम्बन्धी व्यवस्था** : (१) यस कार्यविधि बमोजिम लागत साझेदारीमा कृषि/ पशुसेवा सम्बन्धी मेसिनरी औजार तथा उपकरण वितरण कार्यक्रम सञ्चालन गर्दा स्वीकृत वार्षिक कार्यक्रममा ५०% लागत साझेदारी कृषकहरूको रहनेछ र नतोकिएकोमा लागत साझेदारीको प्रतिशत आर्थिक विकास समिति र आवश्यकता अनुसार नगर कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

(२) दफा (६) बमोजिम छनौट भएका लाभाग्राहीहरूले तोकिएको साझेदारी बापतको रकम कार्यालयले तोकेको बैंक खातामा दाखिला गरी सो को सक्कल भौचर शाखालाई उपलब्ध गराउनु पर्नेछ र कृषकहरू स्वयम् खरिद गर्ने भएमा कार्यालयले उपलब्ध गराएको स्पेसिफिकेसन अनुसारको सामग्री खरिद गरी सक्कल बिल भरपाई र सामग्रीको फोटो कार्यालयलाई उपलब्ध गराउनुपर्नेछ । सोही आधारमा कार्यालयले कृषक साझेदारीको बापतको पाउनुपर्ने रकम सोझै कृषकहरूको बैंक खाता मार्फत भुक्तानी गर्नेछ ।

८. **अनुदानसम्बन्धी अन्य व्यबस्थाः** (१) यस कार्यविधि बमोजिम अनुदान उपलब्ध गराउँदा एक अनुदानग्राहीलाई एक आर्थिक वर्षमा एउटा कामको लागि मात्र अनुदान उपलब्ध गराइने छ ।

(२) एक पटक सङ्घीय सरकार, प्रदेश सरकार, नगरपालिका, सङ्घ संस्था तथा आयोजनाबाट अनुदान लिएको अनुदानग्राही वा उसको एकाघरको परिवारलाई तीन बर्षसम्म सोही प्रकृतिको अनुदान उपलब्ध गराइने छैन । साथै यान्त्रीकरणका सामग्री मिनिटिलर, कुटानी - पिसानी मिलको हकमा ३ वर्षसम्म समान प्रकृतिको अनुदान प्राप्त नगरेको सक्कल स्वघोषणा पत्रको आधारमा लाभग्राही छनोट गरिनेछ ।

९. **दोहोरो सुविधा लिन नपाउनेः** (१) एकै प्रकृतिको कामको लागि लाभग्राहीले एकभन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन ।एकै प्रकृतिको कामको लागि एकभन्दा बढी निकायबाट अनुदान प्राप्त गरेको पाइएमा वा अनुदानको दोहोरोपन भएको पाइएमा त्यसरी अनुदान लिने लाभग्राहीलाई ५ वर्षसम्म नगरबाट प्रवाह हुने कुनै पनि किसिमका अनुदानका कार्यक्रममा समावेश गरिने छैन ।

## परिच्छेद-३
## अनुगमन, सुपरिवेक्षण तथा प्रतिवेदनसम्बन्धी व्यवस्था

१०. **अनुगमन तथा सुपरिवेक्षण समिति** : (१) यस कार्यविधि बमोजिम लागत साझेदारीमा कृषिसम्बन्धी मेसिनरी औजार तथा उपकरण वितरण कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षणका लागि नगर स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिद्वारा हुनेछ । साथै कार्यक्रम कार्यान्वयनको लागि नगरप्रमुख, वडाअध्यक्ष र शाखा प्रमुख समेतद्वारा समय समयमा अनुगमन गरिनेछ ।

११. **अनुगमन तथा सुपरिवेक्षण समितिले देहायको विषयमा अनुगमन गरी प्रतिवेदन दिन सक्ने छ** ।

(क) कार्यक्रमको स्थलगत अनुगमन तथा सुपरिवेक्षण गरी प्रतिवेदन दिने ।

(ख) कृषकहरू विच छलफल समन्वय र सहजीकरण प्रदान गर्ने ।

(ग) कार्यक्रमलाई थप प्रभावकारी तुल्याउनका लागि आवश्यकतानुसार नगर कार्यपालिकालाई सुझाव दिने ।

(घ) अनुदानको दोहोरोपना भए नभएको सम्बन्धमा आवश्यक जाँचबुझ गर्ने र दोहोरोपना भएको पाइएमा लाभग्राहीको सूचीबाट हटाउनका लागि सिफारिस गर्ने ।

(ङ) लाभग्राहीले अनुदान प्राप्त सामाग्रीको प्रयोग गरे नगरेको सम्बन्धमा अनुगमन गरी उद्देश्य बमोजिम प्रयोग नगरेको पाइएमा सो सामाग्री जफत गर्न वा सो बराबरको रकम असुल उपर गर्नका लागि सिफारिस गर्ने ।

## परिच्छेद-४
## विविध

**१२. निर्देशन दिन सक्ने :** कार्यक्रमको सम्बन्धमा नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ ।

**१३. बचाउ :** यस कार्यविधिमा व्यवस्था भएका प्रावधानको हकमा यसै कार्यविधि बमोजिम र व्यवस्था नभएको प्रावधानको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।यो कार्यविधिमा उल्लेख भएका व्यहोराहरु सशर्त अनुदानको सन्दर्भमा सङ्घीय  कानुनसँग बाझिएमा सङ्घीय कानुन बमोजिम नै हुनेछ ।

**१४. बाधा अड्काउ फुकाउ :** यस कार्यविधि कार्यान्वयन सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा सो को निरुपण नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

**१५. संशोधन तथा खारेज :** कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेछ ।

## अनुसूची - १
### (दफा २ को खण्ड (छ) सँग सम्बन्धित)
### "कृषि/पशुसेवा मेसिनरी औजार उपकरण र अनुदानको सीमा"

| क.स. | औजार उपकरण | अनुदानको सीमा |
|---|---|---|
| १. | मिनिटिलर | ५०% वा बढीमा २५ हजारसम्म जुन रकम कम हुन आउँछ। |
| २. | कुटानी पिसानी मिल | ५०% वा बढीमा २० हजारसम्म जुन रकम कम हुन आउँछ। |
| ३. | थोपा सिंचाई सेट | |
| ४. | स्पेयर (न्यापस्याक) १६ लि. क्षमता/फुट स्पेयर | |
| ५. | हजारी/आरी/करौंती | |
| ६. | सिकेचर/भण्डारण क्रेट | |
| ७. | च्याफ कटर | |
| ८. | ग्रास कटर | |
| ९. | थ्रेसर (धान, गहुँ,कोदो) | |
| १०. | मल्चिंग प्लाष्टिक | |
| ११. | भर्याङ | |
| १२. | मौरी घार पोला सहित/खाली घार | |
| १२. | काउ म्याट | |
| १३. | मिल्क क्यान | |
| १४. | दाना बनाउने मेसिन | |

(क) अधिकतम ४० हजारसम्मको औजार सामग्री खरिद गर्दा ५०% र सो भन्दा बढीको सामाग्री खरिदमा ५०% वा त्यसको आधा रकममा जुन कम हुन आउँछ त्यही मान्य हुनेछ ।

(ख) माथि उल्लेखित बाहेकका औजार उपकरणहरूको हकमा कृषकहरूलाई व्यावसायीकरण, आधुनिकीकरण र बृहत्तर हितका लागि वितरण गरिने औजार उपकरणहरूको अनुदानको सीमा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**अनुसूची-२**

**(दफा ५ को (१) सँग सम्बन्धित)**

**सूचना !!!**

फलेवास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखाको आ.व. ................ को वार्षिक स्वीकृत कार्यक्रमहरु ५०% लागत साझेदारीमा सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक कृषक/कृषि फर्म/कृषक समूह/ कृषि सहकारी/उद्योगहरूले तपसिल बमोजिमको कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ........ दिनभित्र सम्बन्धित वडा कार्यालयमा अनुसूची-३ अनुसारको ढाँचामा निवेदन र अनुसूची-४ अनुसारको आवश्यक विवरण पेस गर्न हुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेको र म्याद नाघेको निवेदन स्वीकृत गरिने छैन ।

**तपसिल**

| क्र.स. | कार्यक्रमको नाम | कार्यक्रमको लागि स्वीकृत रकम | प्रस्ताव साथ् संलग्न हुनुपर्ने कागजातहरू |
|---|---|---|---|
| १. | | | • अनुसूची (३) बमोजिमको ढाँचामा निवेदन<br>• कृषक समूह/फर्म/सहकारीहरुको हकमा दर्ता नवीकरण, स्थायी लेखा नम्बरको प्रतिलिपि, लेखा परीक्षण र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि<br>• कृषकहरुको हकमा नागरिकता र लालपूर्जाको प्रतिलिपि<br>• समूह/सहकारीको हकमा निर्णयको प्रतिलिपि<br>• सम्बन्धित वडा कार्यालयको सिफारिस<br>• चालु आ.व. को तिरो तिरेको रसिदको प्रतिलिपि<br>• विगत ३ बर्षमा कहीँ कतैबाट सोही प्रकृतिको कामका लागि अनुदान नलिएको स्वघोषणाको सक्कल पत्र । |

**अनुसूची-३**
**(दफा ५ को (२) सँग सम्बन्धित)**
**निवेदनको ढाँचा**

मिति :

**श्री फलेवास नगरपालिका,**
**नगर कार्यपालिकाको कार्यालय**
**खानीगाउँ, पर्वत ।**

**विषयः ........................... कार्यक्रममा सहभागी हुन पाऊँ।**

उपर्युक्त सम्बन्धमा यस फलेवास नगरपालिकाको आ.व. ...... को स्वीकृत वार्षिक कार्यक्रमतर्फ मिति ...................... मा प्रकाशित सूचना अनुसार म/हामी/हाम्रो समूह/सहकारी/फर्मले सो कार्यक्रममा सहभागी हुन इच्छुक भएको हुनाले अनुसूची -४ बमोजिमको विवरण तथा तपसिल बमोजिमको कागजातसहित कार्यक्रममा सहभागी हुन यो निवेदन पेस गरेको छु/छौं ।

तपसिलः

**निवेदक**
**नामः**
**ठेगानाः**
**नागरिकता नम्बरः**
**सम्पर्क नम्बरः**
**दस्तखतः**
**छाप**

**अनुसूची-४**
**(दफा ५ को (२) सँग सम्बन्धित)**
**विवरण**

१. कृषि उत्पादन क्षेत्रको विवरण (रोपनी)
(क) तरकारी ...............
(ख) फलफूल .............
(ग) खाद्यान्न बाली .................
१. धान ..........
२. गहुँ.........
३. मकै ...............
(घ) अन्य बाली .................
(ङ) जम्मा ................
२. खेतीयोग्य जमिनको क्षेत्रफल (रोपनी) .............
३. पशु वस्तु सङ्ख्या
(क) गाई ..........
(ख) भैंसी .........
(ग) बाख्रा ............
(घ) अन्य केहि भए.................।

**अनुसूची- ५**
**(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)**
**सम्झौता पत्र**

मितिः

फलेवास नगर कार्यपालिकाको कार्यालय, खानीगाउँ पर्वत (यस पछि प्रथम पक्ष भनिने) र फलेवास नगरपालिका वडा नं. बस्ने श्री ................................ (जसलाई पछि दोस्रो पक्ष भनिने) का बीच लागत साझेदारीमा यान्त्रिकरण मिनीटिलर कार्यक्रम सञ्चालन गर्न निम्नअनुसार सर्तनामाहरू पालना गर्ने गरी यो दुई पक्षीय सम्झौता गरी दियौं/लियौं ।

शर्तनामाहरू:

१. यो सम्झौता, सम्झौता भएको मिति देखि प्रारम्भ भएको मानिनेछ ।
२. यस कार्यक्रम अन्तर्गत खरिद गरिने उपकरण तथा सामग्रीहरू नेपाल सरकार/फलेवास नगरपालिकाको खरिद ऐन नियमावली अनुसार कार्यालयले उपलब्ध गराएको स्पेसिफिकेसन अनुसार दोस्रो पक्ष स्वयमले खरिद गर्नु पर्नेछ ।
३. दोस्रो पक्षले मेसिनरी, औजार तथा उपकरण खरिदको ५०% वा बढीमा २५ हजारमध्ये कम हुन आउने साझेदारी बापतको रकम दोस्रो पक्षले सक्कल बिल र सामग्रीको फोटो साथै सम्बन्धित वडाको सिफारिस सहित प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ र प्रथम पक्षले दोस्रो पक्षको बैंक खाता मार्फत दोस्रो पक्षलाई भुक्तानी दिनुपर्नेछ।
४. दोस्रो पक्षले अनुदानमा खरिद गरेर लगेको मेसिनरी, औजार, उपकरण तथा सामाग्रीहरु कम्तीमा पाँच बर्ष वा तोकिए बमोजिम सञ्चालन गर्नु पर्नेछ ।
५. दोस्रो पक्षले अनुदानमा प्राप्त गरेको मेसिनरी/औजार/सामग्रीहरू बिक्री वितरण, दान वा उपहार दिन पाउने छैन ।
६. दोस्रो पक्षले यस आ.व. मा समान प्रकृतिको कार्यक्रममा अनुदान नलिएको स्वघोषणा गरेबमोजिम वडा कार्यालयले सिफारिस गर्नुपर्नेछ ।
७. दोस्रो पक्षले अनुदानमा खरिद गरेर लागेको मेसिनरी, औजार, उपकरण तथा सामग्रीहरु सञ्चालन/प्रयोग नगरी हिनामिना भएको देखिएमा वा प्रयोग नगरी थन्काएर राखेको पाइएमा जुनसुकै बखत कार्यालयले सो सामग्री जफत गर्न सक्ने छ र सो बापत दोस्रो पक्षलाई कुनै किसिमको सहुलियत उपलब्ध गराइने छैन।
८. यस कार्यक्रम सञ्चालन सम्बन्धी कुनै विवाद आएमा फलेवास नगरपालिकाको निर्णय नै अन्तिम मानिनेछ ।
९. यो सम्झौतामा उल्लेख भएका कुराहरूमा यस बमोजिम र अन्य कुराहरूमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

| प्रथम पक्ष | दोस्रो पक्ष |
|---|---|
| नाम : | नामः |
| पदः | हस्ताक्षरः |
| हस्ताक्षर : | सम्पर्क न.: |

रोहवर

| ..................... | ................. |
|---|---|
| नाम : | नाम : |
| पद : | पद : |

आज्ञाले,
कृष्ण प्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत